# पारिवारिक परिस्थिति भेदभाव अध्यादेश र म

**Q: पारिवारिक परिस्थिति भेदभाव अध्यादेश (FSDO) भनेको के हो ?**

A: सन १९९७ मा पारित गरिएको FSDO एउटा भेदभाव विरुद्धको कानून हो । यसअनुसार कुनै पनि व्यक्ति अथवा संस्थाले पारिवारिक परिस्थितिका आधारमा, पुरुष या महिला, कसैसित पनि भेदभाव गर्नु गैरकानूनी हुनेछ । FSDO विभिन्न क्षेत्रमा लागु हुन्छ ।

**Q: कुन कुन क्षेत्रमा मलाई संरक्षण दिइएकोछ ?**

A: तपाईँलाई तलका क्षेत्रहरूमा संरक्षण दिइएकोछः

*रोजगार

*शिक्षा

*वस्तु, सुविधा तथा सेवाहरूको प्रावधान

*परिसर उपलव्ध, व्यवस्थापन तथा विक्री

*सल्लाहकारी निकायहरूमा नियुक्त अथवा निर्वाचित हुने तथा मतदानमा भाग लिने योग्यता

*क्लबहरूमा सहभागिता

*सरकारी क्रियाकलापहरू

**Q: कानुन किन आवश्यक थियो**?

A: श्रम बजारमा महिलाहरूको बढ्दो संख्या तथा गत दशकमा जनसंख्याको बढ्दो उमेरका कारणले पारिवारिक जिम्मेवारी बोकेका कामदारहरूका खाँचोहरूमा थि ध्यान दिन समाजका लागि अत्यन्त आवश्यक बनाएको छ । अचेल, बच्चा तथा बृद्द मातापिताहरूको स्याहार गर्ने जस्ता पारिवारिक जिम्मेवारीहरू दुवै महिला तथा पुरुष कामदारहरूले निर्वाह गर्नुपर्दछ । काम र परिवारवीच संतुलन कायम गर्न कामदारहरूलाई बढ्दो रुपमा मुश्किल पर्दछ काम र परिवारप्रतिका दायित्वहरूवीच सम्भावित द्वन्दले कामदारहरूको स्वास्थ्य, कार्य सम्पादन, वृत्ति विकास, उत्पादकत्व र साथै प्रतिस्पर्धागर्ने क्षमतामा पनि असर गर्दछ ।

**Q: "पारिवारिक परिस्थिति" के हो ?**

A: पारिवारिक परिस्थिति भन्नाले व्यक्तिमा परिवारकोनजिकको सदस्यको हेर्चाह गर्ने जिम्मेवारीरहेकोछ भन्ने बुझिन्छ । परिवारको नजिकको सदस्य भन्नाले रगतको नाता, वैवाहिक सम्बन्ध कायम भएको, धर्मपुत्र/पुत्री लिएको वा नाता भएको व्यक्ति बुझिन्छ । रगतको नातामा आमा/बुबा, छोरा/छोरी, हजुरआमा/हजुरबुबा, नाति/नातिनी, दाइ/भाइ, दिदी/बहिनी, फुपु/फुपाज्यु, काका/काकी, मामा/माइज्यु,

भतिजा/भतिजी, भदा/भदै र भान्जा भान्जीहरू पर्दछन् । वैवाहिक सम्बन्ध भनेको कानूनी रुपमा विवाहित श्रीमान श्रीमती को सम्बन्ध हो ।नाताको सम्बन्ध भनेको विवाहद्वारा उत्पन्न भएको सम्बन्ध पर्दछन्। जस्तै, सासू, ससुरा।

**Q: के हंगकगका समस्त रोजगारदाताहरूमा FSDO लागु हुन्छ ?**

A: उनीहरूका कर्मचारीहरूले आफ्नो काम पूर्ण रुपमा अथवा मुख्यत हंगकंग बाहिर गर्ने अवस्थाबाहेक SDO हंगकंगका समस्त रोजगारदाताहरूमा लागु हुन्छ।

**A: म एउटा असल रोजगारदाता बन्न चाहन्छु, मैले पारिवारिक परिस्थिति सहितका मेरा कामदारहरूलाई कस्ता प्रकारका सुविधाहरू प्रदान** गर्नुपर्दछ ?

A: पारिवारिक परिस्थिति सहितका कामदारहरूका समस्यालाई समाधान गर्न तपाईँले तलका व्यवस्थाहरू अपनाउने विचार गर्न सक्नुहुनेछ:

* नियुक्ति, बढुवा, सरुवा, तालीम, बर्खास्त या अतिरिक्तताका सम्बन्धमा छनौटका समान आधारहरू अवलम्बन गर्ने।
* कुनै खास कामका लागि पारिवारिक परिस्थिति सहित या रहितका मानिसहरूको योग्यताका बारेमा कुनै पूर्वधारणा नराख्ने जस्तै पारिवारिक परिस्थिति सहितका मानिसहरू भ्रमण आवश्यक पर्ने कामका लागि योग्य हुने छैनन् ।
* वास्तवमै जरुरी भनेर प्रमाणित गर्न नस्कने भएपद हरूको विज्ञापनमा "पूरा समय" भनेर उल्लेख नगर्नुहोस् ।
* भ्रमणलाई कमसेकम राख्नुहोस् तथा यस्ता आवश्यकता पूर्ती गर्नमा वास्तवमै गाह्रो पर्ने कर्मचारीहरूलाई छुट दिनुहोस् ।
* शिफ्टमा काम गर्ने व्यवस्थाहरू प्रत्यक्ष या अप्रत्यक्ष भेदभावबाट मुक्त गराउने तर्फ सुनिश्चित पार्नुहोस् ।
* अतिरिक्त समय काम गर्ने/नगर्ने सम्बन्धमा कर्मचारिहरूले स्वतंत्र रुपमा रोज्न सकुन भनेर निश्चित गर्नुहोस् ।
* सम्भव भएसम्म पार्ट टाइम काम या जव शेयरिंग प्रदान गर्नुहोस् ।
* तलव, उपदान, तालीम तथा बढुवाका सम्बन्धमा पार्ट टाइम कर्मचारीहरूसित पनि उचित रुपमा व्यवहार गर्नुहोस् ।

# FSDO अन्तर्गत अवैधानिक कार्यहरू

**Q: भेदभाव के हो ?**

A: भेदभाव दुइ प्रकारको हुन्छ - प्रत्यक्ष भेदभाव तथा अप्रत्यक्ष भेदभाव ।

पारिवारिक परिस्थितिका आधारमा कुनै व्यक्तिलाई अर्को व्यक्तिका तुलनामा कम अनुकूल व्यवहार गरिएमा **प्रत्यक्ष भेदभाव** भएको हुनेछ । उदाहारणका लागि, शिशु हुने महिलाले भ्रमण गर्न सक्दिनन भन्ने रोजगारदाताको सोचका कारणले यदि कुनै महिला लाई सुत्केरी भएपछि कम अनुकूल काममा सरुवा गरिएमा ।

प्रत्येक व्यक्तिमाथि समान तर व्यावहारिक रुपमा पारिवारिक परिस्थिति हुने मानिसहरूलाई प्रतिकुल पार्ने तथा न्यायसंगत नहुने, कुनै शर्त या आवश्यकताहरू लागु गरिएमा **अप्रत्यक्ष भेदभाव** भएको हुनेछ । उदाहरणका लागि, आफ्ना सबै कर्मचारीहरूले अतिरिक्त समय काम गर्नुपर्ने भनेर कुनै कम्पनीले जोड गर्दछ भने आफ्ना ससाना बच्चाहरूको देखरेख गर्न जिम्मेवार एकजना विदुरले उक्त शर्तको पालना गर्न सक्दैनन् । कम्पनीले त्यसपछि उसलाई बर्खास्त गर्दछ ।उजुरीकर्तालाई आफु एक्लो अभिभावक भएको कारणले गर्दा उक्त शर्तको पालना गर्न नसक्नाले पीडित भएको लाग्छ ।प्रत्येक कर्मचारीहरूले उक्त शर्तको पालना गर्नैपर्ने सठिककारण यदि कम्पनीले दिन नसके यो पारिवारिक परिस्थितिका आधारमा हुन गएको अप्रत्यक्ष भेदभाव हुनसक्नेछ ।

**Q: के कुनै रोजगारदाताले मलाई मेरो पारिवारिक परिस्थितिका आधारमा नियुक्त गर्न अस्वीकार गर्न सक्नेछ ?**

A: रोजगारदाताले कुनै पनि जागिरका आवेदक अथवा कर्मचारीमाथि उनीहरूको पारिवारिक परिस्थितिका आधारमा भेदभाव गर्नु गैरकानुनीहुनेछ ।जस्तै, आफ्ना ससाना बच्चाहरूको हेरचाह गर्नुपर्ने हुनाले तपाईँ भ्रमण गर्न सक्नुहुन्न भन्नेरोजगारदाताको धारणाका कारणले घरिघरि भ्रमण गर्नुपर्न सक्ने कुनै पदका लागि तपाईँको नियुक्ति गर्न रोजगारदाताले अस्वीकार गर्दछ ।

**Q: के मेरो पारिवारिक परिस्थितिका आधारमा कुनै शैक्षिक संस्था अथवा सेवा प्रदाताले मलाई सेवा अथवा सुविधा प्रदान गर्नबाट अस्वीकार गर्न सक्नेछ ?**

A: पारिवारिक परिस्थितिका आधारमा कुनै सेवा प्रदाताले सेवा, सामान अथवा सुविधाहरू प्रदान गर्न अस्वीकार गर्नु गैरकानूनी हुन्छ ।सोहि आधारमा कुनै शैक्षिक संस्थाले विद्यार्थीलाई भर्ना दिन नमान्नु या निकाल्नु पनि गैरकानूनी हुन्छ ।

**Q: उजुरी दर्ता गर्ने मेरा कुनै मित्र या सहकर्मीका लागि मैले साक्षी दिएको अथवा सूचना उपलब्ध गराएकोमा म माथि नराम्रो व्यवहार भएमा के समान अवसर आयोग (ईओसी) ले मलाई मद्दत गर्न सक्छ ?**

A: हो, उजुरीकर्तालाई सहयोग गरेकोमातपाईँमाथि नराम्रो व्यवहार भएमा तपाईँले 'पुनःपीडित बनाइएको' को उजुरी दर्ता गर्न सक्नुहुनेछ ।यदि यसो हुन गएमा तपाईँलाई कानून अन्तर्गत संरक्षण प्रदान

हुनेछ तथा तपाईँको मित्र या सहकर्मीको उजुरीमाथि कारवाही चलाउने निकायमा तुरन्तै सूचना दिनुपर्नेछ।

**Q: के FSDO सरकारमा पनि लागु हुन्छ ?**

A: हो, FSDO को प्रावधान सरकारमाथि पनि लागु हुन्छ, तर तलका क्षेत्रहरूमा भने यसलाई कानूनबाट छुट हुनेछः

*कुनै पनि अध्यागमन सम्बन्धी कानून अन्तर्गत गरिएको कार्यमा;

*हंगकंगमा प्रवेश अथवा यहाँबाट प्रस्थानमा;

*अन्य प्रचलित वैधानिक प्रावधानहरूको पालना गर्ने सम्बन्धमा गरिएको कार्यमा ।

# ईओसीमा उजुरी दर्ता गर्ने

**Q: ममाथि भेदभाव गरिएको भन्ने लागेमा मैले के गर्न सक्नेछु?**

A: **तपाईँले तलका एक या बढी कदमहरू चाल्न सक्नुहुनेछः**

- यदि जागिरका बारेमा उजुरी भए, तपाईँले आफ्नो संस्थाको व्यवस्थापनमा उजुरी गर्न सक्नुहुनेछ अथवा तपाईँको कर्मचारी संगठन या संस्थाबाट मद्दतको अन्य उपायहरू खोज्न सक्नुहुनेछ।
- यदि वस्तु, सेवा या सुविधा प्रदान गर्ने सम्बन्धमा अथवा शैक्षिक संस्थानका सम्बन्धमा उजुरी भए, तपाईँले प्रदाताकहाँ उजुरी दर्ता गर्न सक्नुहुनेछ अथवा सुधारका लागि अनुरोध गर्न सक्नुहुनेछ।
- समान अवसर आयोग (EOC) मा उजुरी दर्ता गर्न सक्नुहुनेछ।
- तपाईँको मुद्दालाई अदालतमा लान सक्नुहुनेछ।

कुनै घट्नाहरू घट्न गएमा त्यसको विवरण तपाईँको स्मृतिमा ताजा छदैँ टिपोट गर्नुहोस्। पछि गएर तपाईँलाई उजुरी गर्नु परेमा वा अदालती कारबाही गर्न परेमा यस जानकारीले सहायता गर्नेछ।

**Q:मैले ईओसीमा उजुरी कसरी दर्ता गर्नसक्छु तथा यसो गरेपछि के हुनेछ?**

A: उजुरी लिखित रुपमा दर्ता गर्नुपर्नेछ । तपाईँले स्वयं लेख्न अथवा कसैलाई लगाउन सक्नुहुनेछ । तपाईँले उजुरी फाराम हाम्रो वेबसाइटबाट पनि प्राप्त गर्न सक्नुहुनेछ वा मद्दतको लागि हाम्रो हटलाइनमा फोन गर्न सक्नुहुनेछ। उजुरी प्राप्त भएपछि, ईओसीले पहिला उजुरीमाथि छानबीन गर्छ र यसलाई खारेज गर्ने या मध्यस्तताको प्रक्रियाका लागि अगाडी बढाउने भनेर निर्णय गर्छ ।

**Q: के व्यक्तिहरूका समूहले एउटै उजुरी दर्ता गर्न सक्नेछन्?**

A: सकिन्छ, उजुरीकर्ता कोहि एकजना व्यक्ति, व्यक्तिहरूका समूह अथवा कुनै अन्य निकाय हुनसक्नेछ।

**Q: के म कुनै पीडित व्यक्तिको प्रतिनिधित्व गर्न सक्छु?**

A: सकिन्छ, तपाईँले कुनै पीडित व्यक्तिको प्रतिनिधित्व गर्न सक्नुहुन्छ ।प्रतिनिधि उजुरीकर्ताले पीडित व्यक्तिबाट आफुलाई उजुरी दर्ता गर्ने अधिकार प्राप्त भएको प्रमाण देखाउनुपर्नेछ ।

**Q: यदि मैले उजुरी दर्ता गर्न चाहेमा, के के जानकारीहरू उपलब्ध गराउनु पर्नेछ?**

A: तपाईँले उजुरी लिखित रुपमा दर्ता गर्नुपर्नेछ तथा तलका जानकारीहरू उपलब्ध गराउनु पर्नेछः

*विवरण तथा उपयुक्त मितिहरू;

*तपाईँको व्यक्तिगत सूचना (नाम, सम्पर्क विवरण, लिंग अथवा वैवाहिक स्थिति, आदि।)

*विपक्षीको नाम (व्यक्ति अथवा कम्पनीको नाम) तथा सम्पर्क विवरण;

*भेदभावबारे तपाईँको दावीलाई समर्थन गर्ने जानकारीहरू;

*भेदभावपूर्ण व्यवहारका कारणबाट तपाईँले भोग्नुभएको कुनै हानि या भावनात्मक क्षतिको विवरण;

*साक्षी (हरू)बारे जानकारी ।

लिखित उजुरी तयार गर्न तपाईँलाई गाह्रो भएमा, ईओसीका कर्मचारीहरूले तपाईँलाई मद्दत गर्न सक्नेछन्।

# छानबीन र मध्यस्तता

**Q: ईओसीले कुनै उजुरीको छानबीन कसरी गर्दछ?**

A: कानूनी रुपमा ईओसीले उजुरीको छानबीन गर्नुपर्दछ । उजुरीकर्ताको उजुरी हरूलाई विपक्षीकहाँ टिप्पणीका लागि पठाइनेछ ।विपक्षीका प्रतिक्रियाहरू त्यसपछि उजुरीकर्तालाई उपलब्ध गराइनेछ ।मुद्दा खारेज गर्ने या मध्यस्तताको प्रक्रियाका लागि कारवाही गर्ने भनेर निर्णय गर्न पूनरावलोकनका लागि साक्षीका वयानहरू लिइनेछ तथा सम्बन्धित सामग्रीहरू संकलन गरिनेछ ।छानबीनका अवधिमा एकत्रित सबै जानकारीहरू तेस्रो पक्षबाट गोप्य राखिनेछ तर अदालती कारवाहीमा भने प्रयोग गर्न सकिनेछ ।

**Q: ईओसीले कुन कुन परिस्थितिहरूमा मेरो उजुरीमाथि छानबीन बन्द गर्नसक्छ?**

A: ईओसीले तलका परिस्थितिहरूमा उजुरीमाथि छानबीन नगर्ने अथवा खारेज गर्ने निर्णय लिनेछः

*उजुरी गरिएको कार्य FSDO अन्तर्गत गैरकानूनी नभएमा;

*पीडित व्यक्ति छानबीन अगाडी बनाउन इच्छुक नभएमा;

*उक्त कार्य गरिएको १२ महिनाभन्दा बढी वितिसकेको भएमा;

*उजुरीमाथि उचित तरिकाले प्रतिनिधि उजुरीको रुपमा कारवाही गर्न नसकिने भएमा;

*उजुरी तुच्छ, दुख दिने नियतको, भ्रमजनित अथवा आधारहिन भएमा ।

**Q: ममाथि भेदभाव गरिएको भन्ने मलाई लागेमा, उजुरी दर्ता गर्ने कुनै समय सीमा रहनेछ?**

A: यदि तपाईँले ईओसीमा उजुरी दर्ता गर्न चाहेमा, तपाईँले घट्ना भएको १२ महिनाभित्र यसो गरिसक्नुपर्नेछ ।यदि तपाईँले जिल्ला अदालतमा कानूनी प्रक्रिया चलाउने विचार गरेमा, तपाईँले घट्ना भएको २४ महिनाभित्र यसो गरिसक्नुपर्नेछ ।

**Q: ईओसीले कुनै मुद्दाको मध्यस्तता कसरी गर्दछ?**

A: मध्यस्तकर्ताले दुवै पक्षलाई उजुरीको कारक समस्याको जाँच गर्न, सहमतिका बुँदाहरूको पहिचान गर्न तथा विवादको छिनफानको लागि सम्झौता गर्न सहयोग गर्नेछन् ।कानूनअनुसार ईओसीले पहिला मुद्दाको जाँच गर्नु तथामध्यस्तताका माध्यमबाट मुद्दाको समाधान गर्ने प्रयास गर्नुपर्नेछ । मध्यस्तता एउटा स्वेच्छिक प्रक्रिया हो । मध्यस्तकर्ताले दुवै पक्षका लागि वकालत नगरेर एकजना सहजकर्ताका रुपमा काम गर्नेछन् ।समाधान फरक फरक प्रकारका हुनसक्छन् जस्तैः क्षमा याचना, आर्थिक क्षतिपुर्ति, समान अवसर नीतिको कार्यान्वयन । मिलापत्र कुनै करार समान हुने तथा वैधानिक रुपमा बाँधिएको हुनेछ ।थप जानकारीका लागि मध्यस्तता बारेको ईओसी पुस्तिका पढ्नुहोस् ।

**Q: यदि मध्यस्तता हुन नसकेमा ईओसीले मेरो लागि के गर्न सक्नेछ?**

A: यदि उजुरीको मध्यस्ततात्द्वारा समाधान गर्न नसकिएमा, अदालतमा जाने कानूनी सहायताका लागि तपाईँले ईओसीमा आवेदन गर्न सक्नुहुनेछ ।सहायताहरूमा कानूनी सल्लाह, ईओसीको वकिलहरूद्वारा प्रतिनिधित्व, बाहिरका वकिलहरूद्वारा प्रतिनिधित्व अथवा ईओसीलाई उचित लागेको अन्य कुनै पनि प्रकारको सहायताहरू पर्दछन् ।ईओसीको एउटा समितिले सबै आवेदनहरूमाथि विचार गर्दछ ।

**Q: के म ईओसीमा नगएर सोझै अदालतमा जान सक्नेछु?**

A: हो, कोहिपनि सोझै अदालतमा जान तथा ईओसीमा नगएर सोझै कानूनसम्मत सार्वजनिक प्रक्रिया शुरू गर्न सक्नेछन् ।

अन्य जानकारीका लागि कृपया सम्पर्क गर्नुहोस्:

**Equal Opportunities Commission**
19/F, CityPlaza Three, 14 Taikoo Wan Road
Taikoo Shing, Hong Kong
Tel: 2511-8211

वेबसाइटः http://www.eoc.org.hk